# झिमरुक खोला जलाधारका लागि भावीकार्यदिशा

झिमरुक खोला जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले झिमरुक जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ।

| समस्या | कार्य/सुझाव |
|---|---|
| अनुपयुक्त ढंगले ग्रामिण सडक निर्माण | • हरित सडक निर्माणका लागि सरकारी अधिकारी तथा श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने,<br>• वातावरणमैत्री ग्रामीण सडक निर्माण निर्देशिकाको कडा कार्यान्वयनका लागि पैरवी गर्ने,<br>• सम्भव भएसम्म सडक निर्माणमा बायो–इन्जिनियरिङ्ग प्रविधि अपनाउने,<br>• निर्माणअघि ग्रामीण सडकको आवश्यकतालाई प्राथमिकीकरण गर्ने, र<br>• अनुपयुक्त ढंगबाट निर्माण गरिएका सडकहरुलाई उच्च वातावरणीय मापदण्डमा स्तरोन्नति गर्ने। |
| बाढी र पहिरो | • जलाधार क्षेत्रका लागि पूर्व सूचना प्रणाली स्थापना गर्ने,<br>• भूक्षय भएको क्षेत्रहरुमा विभिन्न प्रजातिका बिरुवा रोप्ने,<br>• ग्रामीण सडक निर्माणका नियमहरू सुधार गर्ने, र<br>• सुधारिएको वन संरक्षणको विधि तथा आवश्यकताका बारेमा वन उपोभोक्तालाई सचेत बनाउने। |
| घट्दो माछाको सङ्ख्या | • गिट्टी बालुवा उत्खनन्को अनुगमनलाई सुधार गर्ने,<br>• माछाको संख्या र प्रजातिको खतराका बारेमा जनचेतना जगाउने,<br>• स्थानीय माछा तथा तिनको वासस्थानका बारेमा ज्ञान बढाउने,<br>• जलचरका प्रजातिमैत्री पूर्वाधारको निर्माण गर्ने, र<br>• परम्परागत रूपमा माछा मारेर जीविकोपार्जन गर्दै आएका समुदायका लागि विविध प्रकारका जीविकोपार्जनका विकल्पहरू प्रदान गर्ने। |
| पानीको मुहानको घट्दो सङ्ख्या तथा जलउपयोगमा हुने द्वन्द्व | • पानीको पुनर्भरण गर्नका लागि बाँझो जमीनमा रुख बिरुवा तथा झाडी रोप्ने,<br>• समुदायमा पानी पुनर्भरण गर्ने पोखरीहरु निर्माण गर्ने,<br>• आकाशे पानीको संकलन तथा प्रयोगको प्रवर्द्धन गर्ने,<br>• जल उपयोगमा हुने द्वन्द्व र द्वन्द्व व्यवस्थापनका लागि कार्यशालाहरुको सहजीकरण गर्ने, र<br>• जलउपयोगसम्बन्धी नीतिका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| जल प्रदूषण | • स्थानीय तहमा हुने फोहोरमैला व्यवस्थापनमा सुधार गर्ने,<br>• नदी खोलामा फोहोर फ्याँक्दा हुने समस्याका बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• पानीको शुद्धिकरण प्रणालीसहित खाने पानी ट्याङ्कीको निर्माण गर्ने,<br>• स्वास्थ्य र सरसफाइका मापदण्डका बारेमा सरकारी प्रतिनिधिहरूलाई तालिम प्रदान गर्ने, र<br>• झिमरुक नदी र यसका सहायक नदीको पानीको गुणस्तरको अनुगमनलाई बढाउने। |



USAID FROM THE AMERICAN PEOPLE



# झिमरुक खोला जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

### सामुदायिक परिकल्पना:

जैविक विविधताको संरक्षण तथा वातावरणको समग्र स्वास्थ्यको प्रवर्द्धनका लागि झिमुक जलाधार क्षेत्रमा दिगो, समावेशी, वातावरणमैत्री, बहुउपयोगी तथा जीविकोपार्जनमुखी पूर्वाधारको सिर्जना गर्ने।









# झिमरुक खोला जलाधार

राप्ती नदीको बेसिनका लागि झिमरुक जलाधारले जलनिकासको प्रणालीको सिर्जना गर्दछ। यो नदी प्रणालीले जलाधार क्षेत्रमा प्राकृतिक स्रोतलाई भरण पोषण गरेको छ, सिंचाईको लागि लगभग ६० प्रतिशत पानीको योगदान गरेको छ र विद्युतका लागि एउटा जलविद्युत आयोजना तथा विभिन्न लघु जलविद्युत आयोजनालाई सञ्चालन गरेको छ।

यस जलाधारमा तामा तथा चुनढुंगाका सक्रिय खानीहरू रहेका छन्। चुनढुंगाका खानी लुपलिङ्ग नजिक रहेको छ र सिमेन्टको उत्पादनका लागि उत्खनन् गरिन्छ। तामाको खानी खवाङ्ग र लिवाङ्गकोका सीमानामा रहेको छ र परम्परागत रूपमा यसको प्रयोग भाडा र अन्य वर्तन बनाउन प्रयोग गरिदै आएको छ। हाल भने सरकारले तामा खानीको उत्खनन्लाई नियमन गर्दै आएको छ।

जलाधार क्षेत्रको ६८ प्रतिशत भू–भागमा वन जङ्गल रहेको छ, र सम्भवतः यो नै सबैभन्दा मूल्यवान स्रोत हो। झिमरुक खोला जलाधारमा रहेका वन जङ्गलको उपयोग तथा व्यवस्थापन २४३ वटा सामुदायिक वन उपोभोक्ता समितिले गर्दै आएका छन्। यी समितिहरु जलाधार क्षेत्रको आयआर्जनको प्राथमिक स्रोतको रूपमा रहेको काठदाउरा तथा अन्य गैर–काष्ठ वन पैदावार (जस्तैः खोटो)को दिगो उपयोगको प्रवर्द्धनका लागि सहकार्य गर्दछन्।

जीविकोपार्जनको प्रमुख स्रोत कृषि हो र यहाँका घरधुरीले विभिन्न अन्नबाली (जस्तैः गहुँ, मकै, आलु, कोदो, तोरी, मुसुरो)को उत्पादन तथा पशुपक्षि पाल्ने गर्दछन्। कृषि पेशाभन्दा बाहेक, धेरै मानिसहरु नेपाल तथा विदेशका विभिन्न ठाउँहरुमा कामका लागि जाने क्रम पनि रहेको छ। आय आर्जन बढाउनका लागी कतिपयले परम्परागतरूपमा माछा मार्ने पनि गरेको धेरै सहभागीहरुले बताएका थिए। झिमरुक जलविद्युत आयोजनाले सञ्चालनका लागि ६७ जना स्थानीयलाई रोजगारीसमेत प्रदान गरेको छ।


जलवायु परिवर्तनका असरहरुका बावजुत जीविकोपार्जनलाई सुदृढ बनाउन बेमौसमी तरकारी खेतीका लागि थोपा सिंचाई र प्लाष्टिकका टनेल लगायतका चलिआएका विभिन्न जलवायु– अनुकुलित प्रविधिहरुको पनि प्रयोग गरिएको छ। अनुकूलनका यी प्रयासका बावजूद, धेरै परिवारहरुलाई उनीहरुको जिविका चलाउनका लागि नियमितरुपमा आवश्यक पर्ने पैसा जुटाउन र संचिति गर्न हम्मेहम्मे पर्ने गर्दछ।

## संख्यामा झिमरुक खोला

| | |
|---|---|
| जलाधार | झिमरुक खोला |
| प्रदेश | प्रदेश ५ |
| कूल जलनिकास क्षेत्र | ९१६ वर्ग किलोमिटर |
| खोलाको संख्या | १६९ |
| मुख्य नदीहरू | झिम्रुक, लुङ्ग, गर्ताङ्ग, जुम्री, झक्रीथान, चुन्दरी खोला |
| ताल तथा सिमसार क्षेत्र | जामुने दह, बराह ताल, बिजुवार सिमसार (भौका तर हाल विलोप भएको) |
| भू–उपायेग | वन ६८ प्रतिशत, झाडी–जङ्गलको मिश्रण, २३ प्रतिशत, कृषियोग्य जमीन १५ प्रतिशत, चरण क्षेत्र १२ प्रतिशत |
| नगरपालिकाहरू | ऐरावती, गौमुखी, झिम्रुक, मल्लरानी, नौबहिनी, प्यूठान र माण्डबी र सरुमा रानीका केही भागहरू |
| जनसंख्या | १९१,१५० (४४ प्रतिशत पुरुष, ५६ प्रतिशत महिला) (केन्द्रीय तथ्यांक विभाग, २०११) |
| जातीय समूहहरू | बाहुन/क्षत्री/ठकुरी ६५ प्रतिशत, जनजाती १७ प्रतिशत, दलित १७ प्रतिशत, अन्य १ प्रतिशत |

# झिमरुक खोला
# जलाधारको स्थलगत नक्सा

**River Basin: West Rapti** | **Watershed Code: 373**







## झिमरुक खोला जलाधार  जलाधार क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चिततताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## बोगटान लगाम कर्णाली जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासस्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।






# झिमरुक खोला जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले झिमरुक जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| | |
|---|---|
| सुशासन एवं समानता | लाभको बाँडफांडमा समतामूलक पहुँच; समावेशी सहभागिता; स्थानीय निकायहरुबीच समन्वय; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता; लाभ बाँडफांडका मुद्दाहरुमा समन्वय; स्थानीय निकायहरुबीच समन्वय |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | जलविद्युत; ग्रामीण सडक; सिंचाई; गिट्टी बालुवा उत्खानन |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | जलवायुमैत्री अभ्यासहरूको अवलम्बन; मौसम सृजित जोखिम; घरधुरी स्तरका प्रयास; पुर्व सूचना प्रणालीमा पहुँच; समुदाय स्तरिय अनुकुलन प्रतिकाय |
| जैविक विविधता र वासस्थान | भू उपयोग; घरेलु सरसफाइ; प्रजाति विविधता; मिचाहा प्रजाती; फोहोर व्यवस्थापन; माछाको परिमाण; माछा मार्ने अभ्यास |
| पानी | पानीको गुणस्तर; पानीमा पहुँच; पानीको उपलब्धता |
| दिगो कृषिक्षेत्र | कृषि उत्पादकत्व; जलवायु तथा भौगोलिकता; माटो व्यवस्थापन |